भूमे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
रोजगार सेवा केन्द्र

खाबाङबगर, रुकुम (पूर्व)
५ नं. प्रदेश, नेपाल

प.सं. (रोजगार सेवा केन्द्र) ०७६।७७
च.नं. १५९०

मितिः २०७७/०२/२०

श्री सबै वडा कार्यलयहरु

विषयः रोजगारमूलक आयोजना छनौट सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको मिति २०७७/२/१८ च.नं. १४६ को पत्रानुसार रोजगारीको हक सम्बन्धी ऐन, २०७५ बमोजिम सूचिकृत बेरोजगार ब्यक्तिहरुलाई न्यूनतम् रोजगारीमा संलग्न गराउन आ.व. २०७५/७६ देखि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको कुरा अवगत नै छ । साथै यस प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/७८ देखि विश्व बैंकको वित्तीय सहयोगमा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना समेत सञ्चालन हुने कुरा सहर्ष जानकारी गराउँदछु । आगामी आ.व. २०७७/७८ मा यस कार्यक्रम अन्तर्गत सञ्चालन गरिने रोजगारमूलक आयोजनाहरु कामको लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५ बमोजिम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा २९ बमोजिम वडा समितिबाट आएका आयोजनाहरु वार्षिक कार्यक्रममा समावेश गर्नु पर्ने भएकोले मिति २०७७ जेष्ठ ३२ गते भित्र यस गा.पा.को रोजगार सेवा केन्द्रमा पठाउनु हुन अनुरोध छ ।

उक्त कार्यविधिहरु प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np मा हेर्न सकिने छ।

..................
बसन्ती सुबेदी
रोजगार संयोजक (शाखा अधिकृत)

..................
चन्द्रसिंह श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत